नेपाल राष्ट्र बैंक समाचार

वर्ष ४९ | अङ्क ६ | फागुन २०८१ | फेब्रुवरी-मार्च २०२५


## सम्पत्ति शुद्धीकरण निवारण राष्ट्रिय दिवस

# बैंक तथा वित्तीय संस्था सम्पत्ति शुद्धीकरणको माध्यम नबनुन्: गभर्नर अधिकारी



सम्पत्ति शुद्धीकरण निवारण राष्ट्रिय दिवसको अवसरमा सम्पत्ति शुद्धीकरण निवारण महाशाखाले माघ १४ गते अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

गभर्नर महाप्रसाद अधिकारीको उपस्थितिमा आयोजित कार्यक्रममा बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत र AML/CFT Committee का संयोजकहरूको सहभागिता थियो । सो अवसरमा गभर्नर अधिकारीले बैंक तथा वित्तीय संस्थाहरू सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानीका माध्यम बन्न नहुने धारणा राख्नुभयो । उहाँले भन्नुभयो, “अवैध तथा आपराधिक क्रियाकलापबाट धन आर्जन गर्नेले थाहै नदिई अवैध सम्पत्तिको शुद्धीकरण गर्न हाम्रा बैंक तथा वित्तीय संस्थालाई माध्यम बनाइरहेका हुन सक्छन् यसबाट जोगिन के-कस्ता रोकथाममूलक कार्य गर्न सकिन्छ, संस्थाभित्र जोखिमको अवस्था र त्यसको असर के-कस्तो छ भन्ने विषयमा वित्तीय संस्थाहरू सधैं सजग र चनाखो रहनुपर्छ ।”

बैंक तथा वित्तीय संस्थाले सम्पत्ति शुद्धीकरण र आतङ्ककारी क्रियाकलापमा हुनसक्ने लगानीसँग सम्बन्धित जोखिमको आवधिक स्व:मूल्याङ्कन गर्नुपर्नेमा गभर्नर अधिकारीले जोड दिनुभयो । “बैंक तथा वित्तीय संस्थाले एउटा समूह बनाएर आफ्नो संस्थाको AML/CFT सँग सम्बन्धित जोखिमको वार्षिक रूपमा स्वमूल्याङ्कन गर्नुपर्छ, जसलाई नियामक निकायले एकीकृत गरेर नियामकीय र सुपरिवेक्षकीय संयन्त्र विकास गर्नेछ ।” उहाँले भन्नुभयो । नेपाल राष्ट्र बैंकले औंल्याएका AML/CFT सँग सम्बन्धित कैफियतलाई गम्भीरतापूर्वक लिन समेत बैंक तथा वित्तीय संस्थालाई उहाँले निर्देशन दिनुभएको थियो ।

कार्यक्रममा वरिष्ठ डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाले सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानीसँग सम्बन्धित विषयमा जनचेतनाको स्तर पर्याप्त नभएको उल्लेख गर्दै यसको प्रभावकारिता अभिवृद्धिमा जोड दिनुभयो । डेपुटी गभर्नर बमबहादुर मिश्रले बैंक तथा वित्तीय संस्थामा ग्राहकको बैंक खाता खोल्ने र रकम जम्मा गर्ने लगायतसँग सम्बन्धित कर्मचारीहरूमा AML/CFT ज्ञानको कमी रहेको उल्लेख गर्दै सो विषयमा तालिम तथा क्षमता विकास गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

सो अवसरमा वित्तीय जानकारी इकाइका निर्देशक वासुदेव भट्टराईले ‘पारस्परिक मूल्याङ्कन र राष्ट्रिय जोखिम रणनीति’ र उप-निर्देशक शिखा अधिकारीले AML/CFT को निरीक्षणका क्रममा देखिएका कैफियतहरूका सम्बन्धमा छुट्टाछुट्टै कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । यसै गरी, नेपाल बैंकर्स सङ्घका अध्यक्ष सन्तोष कोइरालाले सम्पत्ति शुद्धीकरण निवारणका लागि नीतिगत अपेक्षा र कार्यान्वयनका क्रममा भोग्नुपरेका समस्याबारे कार्यपत्र प्रस्तुत गर्नुभयो । तत्पश्चात् कार्यपत्रउपर सहभागीहरूबीच छलफल भएको थियो । बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक रामु पौडेल र बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेलले छलफल सत्रको सहजीकरण गर्नुभएको थियो ।

सो अवसरमा महाशाखाका निर्देशक आर्या जोशीले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने उप-निर्देशक मनोज गुरुङले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ जारी भएको अवसरमा सरकारले यस वर्षदेखि माघ १४ गते ‘सम्पत्ति शुद्धीकरण निवारण राष्ट्रिय दिवस’ मनाउने निर्णय गरेको थियो । सोही निर्णयअनुसार यस वर्ष पहिलो पटक उक्त दिवस मनाइएको हो । यस वर्षको नारा ‘वित्तीय क्रियाकलापमा पारदर्शिता, सम्पत्ति शुद्धीकरण निवारणमा प्रतिबद्धता’ तय गरिएको थियो । ■

# गभर्नर अधिकारीद्वारा बझाङको साइपालमा एभरेष्ट बैंकको शाखा उद्घाटन





गभर्नर महाप्रसाद अधिकारीले माघ २८ गते बझाङ जिल्लाको साइपालमा एभरेष्ट बैंक लिमिटेडको शाखा कार्यालय उद्घाटन गर्नुभयो।

बझाङको उत्तरपूर्वी साइपाल गाउँपालिका वडा नं. १ स्थित धलौनमा उक्त शाखा सञ्चालनमा आएको हो। सो शाखाको सञ्चालनसँगै ७५३ वटै स्थानीय तहमा 'क' वर्गका वाणिज्य बैंकको वित्तीय सेवा विस्तार भएको छ।

उद्घाटन समारोहलाई सम्बोधन गर्दै गभर्नर अधिकारीले सबै पालिकामा वाणिज्य बैंकको शाखा खोली बैंकिङ सेवा पुऱ्याउने अभियानले पूर्णता पाएकोमा प्रसन्नता प्रकट गर्नुभयो। उहाँले भन्नुभयो, "सबै पालिकामा शाखा पुऱ्याउने लक्ष्यले आज पूर्णता पाएको छ। योसँगै बैंकिङ सेवाका लागि सदरमुकाम धाउनुपर्ने साइपालबासीको बाध्यता पनि अन्त्य भएको छ।" साइपालमा शाखा स्थापना भएसँगै स्थानीय स्तरको आर्थिक क्रियाकलाप गतिशील बन्ने विश्वाससमेत उहाँले व्यक्त गर्नुभयो।

कार्यक्रममा साइपाल गाउँपालिकाका अध्यक्ष मानबीर बोहरा, एभरेष्ट बैंक सञ्चालक समितिका अध्यक्ष डा. बालगोपाल वैद्य, प्रमुख कार्यकारी अधिकृत सुदेश खालिङ, नेपाल राष्ट्र बैंक धनगढी कार्यालयका निर्देशक केशवबहादुर केसी, गाउँपालिकाका वडा अध्यक्षहरू, स्थानीयबासी लगायतको उपस्थिति थियो।

नेपाल राष्ट्र बैंकले मुलुकका सबै स्थानीय तहमा 'क' वर्गका वाणिज्य बैंकको कम्तीमा एउटा शाखा स्थापना गर्ने नीति अख्तियार गरेको र बझाङको साइपालमा मात्रै वाणिज्य बैंकको सेवा विस्तार हुन बाँकी थियो। नेपाल सरकारको आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्यमा समेत बझाङको साइपालमा वाणिज्य बैंकको शाखा स्थापना गर्ने विषयलाई प्राथमिकतामा राखिएको थियो। ■

# विद्यालयस्तरको पाठ्यक्रममा वित्तीय शिक्षासम्बन्धी गोष्ठी




वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखाले माघ १३ गते काठमाडौंमा विद्यालयस्तरको पाठ्यक्रममा वित्तीय शिक्षालाई समावेश गर्ने सन्दर्भमा कार्यशाला गोष्ठी आयोजना गऱ्यो।

गभर्नर महाप्रसाद अधिकारीको उपस्थितिमा महाशाखाले उक्त गोष्ठी आयोजना गरेको हो। कार्यक्रममा गभर्नरको कार्यालय, बैंक तथा वित्तीय संस्था नियमन विभाग, आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक र निर्देशक, पाठ्यक्रम विकास केन्द्रका निर्देशक, विषय शिक्षकलगायतको उपस्थिति थियो।

सो अवसरमा गभर्नर अधिकारीले वित्तीय साक्षरताको महत्त्वबारे चर्चा गर्दै बालबालिकालाई विद्यालय तहको पाठ्यक्रममा वित्तीय शिक्षाका आधारभूत र नवप्रवर्तनात्मक विषयलाई समावेश गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो। वित्तीय शिक्षामार्फत बालबालिकालाई सानै उमेरदेखि वित्तीय सेवा र उद्यमशीलताबारे आधारभूत ज्ञान सीपको विकास गराउनुपर्ने उहाँको धारणा थियो।

गोष्ठीमा महाशाखाका निर्देशक हिमप्रसाद न्यौपानेले विद्यालयमा वित्तीय शिक्षाको आवश्यकता र सन्दर्भ तथा पाठ्यक्रम विकास केन्द्रका निर्देशक दीनानाथ गौतमले विद्यालय तहको पाठ्यक्रम विकास प्रक्रियाबारे कार्यपत्र प्रस्तुत गर्नुभयो।

कार्यक्रममा भुक्तानी प्रणाली विभागका का.मु. कार्यकारी निर्देशक किरण पण्डितले विद्यालय तहको पाठ्यक्रममा वित्तीय ज्ञान र साक्षरताको सान्दर्भिकताबारे चर्चा गर्नुभयो। यसै गरी, गभर्नरको कार्यालयका का.मु. कार्यकारी निर्देशक डा. सत्येन्द्र तिमिल्सिनाले वित्तीय साक्षरताका विविध पक्षबारे चर्चा गर्दै समापन मन्तव्य राख्नुभयो।

सो अवसरमा महाशाखाका उप-निर्देशक टेकराज भण्डारीले स्वागत मन्तव्य राख्दै गोष्ठीको उद्देश्यबारे प्रकाश पार्नुभयो सहायक निर्देशक प्रतीक्षा रिजालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

# लघुवित्त संस्थाका अध्यक्ष र सञ्चालकहरूसँग अन्तरक्रिया



लघुवित्त संस्था सुपरिवेक्षण विभागले माघ १८ गते जनकपुरमा लघुवित्त वित्तीय संस्थाका अध्यक्ष र सञ्चालकहरूसँग अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

गभर्नर महाप्रसाद अधिकारीको उपस्थितिमा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । लघुवित्त वित्तीय संस्थाको संस्थागत सुशासन, जोखिम व्यवस्थापन, आन्तरिक नियन्त्रण प्रणालीलगायत समसामयिक विषयमा केन्द्रित रहेर विभागले अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो ।

सो अवसरमा गभर्नर अधिकारीले निरपेक्ष गरिबीको रेखामुनी रहेका परिवारको जीवनस्तर उकास्न लघुवित्त संस्थाको महत्त्वपूर्ण भूमिका रहेको धारणा राख्नुभयो । विद्यमान कानुनी र नीतिगत व्यवस्थाको अधीनमा रहेर संस्था सञ्चालन भएमा समस्या नआउने उल्लेख गर्दै उहाँले संस्थागत सुशासन अभिवृद्धि र वित्तीय ग्राहक संरक्षणप्रति अध्यक्ष र सञ्चालकहरूको ध्यानाकर्षण गराउनुभयो ।

कार्यक्रममा विभागका निर्देशक चेतप्रसाद उप्रेतीले संस्थागत सुशासन, जोखिम व्यवस्थापन, आन्तरिक नियन्त्रण प्रणालीलगायत समसामयिक विषयमा कार्यपत्र प्रस्तुत गर्दै लघुवित्त संस्था स्थापनाको उद्देश्य, वर्तमान अवस्था, लघुवित्तको योगदान, आगामी चुनौती र निरीक्षण/सुपरिवेक्षणबाट देखिएको कैफियतका विषयमा विस्तृत चर्चा गर्नुभयो ।

सो अवसरमा विभागका कार्यकारी निर्देशक विमलराज खनालले स्वागत मन्तव्य राख्दै अन्तरक्रिया कार्यक्रमको औचित्य तथा उद्देश्यमाथि प्रकाश पार्नुभयो । कार्यक्रममा गभर्नरको कार्यालयका निर्देशक मुक्तिनाथ सापकोटा र जनकपुर कार्यालयका निर्देशक डिलाराम सुवेदीको समेत उपस्थिति थियो । विभागका उप-निर्देशक विष्णुप्रसाद फुँयालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# बैंकको भौतिक संरचना निर्माण र सञ्चालनसम्बन्धी अन्तरक्रिया




सम्पत्ति तथा सेवा व्यवस्थापन विभागले माघ २५ गते काठमाडौंमा 'नेपाल राष्ट्र बैंकका लागि आधुनिक भौतिक संरचना निर्माण, सञ्चालन र व्यवस्थापनसम्बन्धी एकीकृत अवधारणा निर्माण' विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

वरिष्ठ डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिना र डेपुटी गभर्नर बमबहादुर मिश्रको उपस्थितिमा आयोजित उक्त कार्यक्रममा विभागका निर्देशक रोशनकुमार सिग्देलले 'नेपाल राष्ट्र बैंकमा आधुनिक संरचना निर्माण, सञ्चालन र व्यवस्थापन' विषयमा प्रस्तुति दिनुभयो । त्यस क्रममा उहाँले नेपाल राष्ट्र बैंकमा निर्माण हुने भवनको संरचना, आन्तरिक सजावट, सुरक्षा प्रबन्धसँगै सोसम्बन्धी मार्गदर्शनका विषयमा चर्चा गर्नुभयो ।

सूचना प्रविधि विभागका उप-निर्देशक रामनाथ पण्डितले 'नेपाल राष्ट्र बैंकमा सूचना प्रविधि पूर्वाधार' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । सो अवसरमा उहाँले सूचना प्रविधि पूर्वाधारको विद्यमान स्थिति, मानव संसाधनको अवस्था, सूचना प्रविधि प्रणाली, साइबर सुरक्षा र जोखिम व्यवस्थापन, नीतिगत व्यवस्था र चुनौतीका विषयमा जानकारी दिनुभयो । दुवै कार्यपत्रको प्रस्तुतिपश्चात् उल्लिखित विषयमा सहभागीहरूबीच छलफल भएको थियो ।

कार्यक्रममा वरिष्ठ डेपुटी गभर्नर तिम्सिनाले एकीकृत अवधारणा/मापदण्ड बनाउने सन्दर्भमा सबै प्रदेशमा स्थलगत रूपमा मूल्याङ्कन गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो । डेपुटी गभर्नर बमबहादुर मिश्रले प्रदेशस्थित कार्यालयको संरचना र पूर्वाधारका सम्बन्धमा एकरूपता हुनुपर्ने सुझाव दिनुभयो ।

सो अवसरमा विभागका कार्यकारी निर्देशक सुमनकुमार अधिकारीले स्वागत मन्तव्य राख्दै अन्तरक्रिया कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने निर्देशक राजनविक्रम थापाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# BOK- KPP, 2024 कार्यक्रमको अन्तिम सेमिनार सम्पन्न



बैंक अफ कोरिया, डङ्गक युनिभर्सिटी र नेपाल राष्ट्र बैंकको संयुक्त प्रयासमा सञ्चालित 'Bank of Korea - Knowledge Partnership Program (BOK-KPP), 2024' कार्यक्रमको अन्तिम सेमिनार सम्पन्न भएको छ। माघ २ गते पोखरामा अन्तिम सेमिनार आयोजना गरिएको हो।

कार्यक्रममा विशेष मन्तव्य राख्दै डेपुटी गभर्नर बमबहादुर मिश्रले वित्तीय क्षेत्रको सुदृढीकरणमा कोरियाली अनुभव सिक्न र क्षमता अभिवृद्धिका दृष्टिले उक्त कार्यक्रम फलदायी रहेको धारणा राख्नुभयो। बैंक अफ कोरिया र राष्ट्र बैंकबीचको उक्त साझेदारीले आगामी दिनमा थप प्रभावकारिता पाउने विश्वाससमेत उहाँले व्यक्त गर्नुभयो। 'BOK-KPP, 2024' का वरिष्ठ सल्लाहकार एवम् बैंक अफ कोरियाका पूर्व डेपुटी गभर्नर हुन लीले उद्घाटन मन्तव्य राख्दै परियोजनाका विविध पक्षबारे प्रकाश पार्नुभयो।

सो अवसरमा भुक्तानी प्रणाली विभागका निर्देशक लक्ष्मीप्रसाद प्रसाईले नेपालमा भुक्तानी प्रणालीको नियामकीय र सुपरिवेक्षकीय संरचना तथा अन्तरदेशीय भुक्तानी कारोबारसम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो। यसै गरी, कोरियाली टीमको तर्फबाट अनुसन्धानकर्ता क्युङजिन जियोनले दक्षिण कोरिया र नेपालको आरटीजीएस, रिटेल पेमेन्ट सिस्टमलगायतका विषय र डङ्गक युनिभर्सिटीका प्राध्यापक जुङवान ह्युनले जोखिममा आधारित निरीक्षणसम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो। तत्पश्चात् सहभागीहरूबीच कार्यपत्रउपर छलफल भएको थियो। कार्यक्रममा गभर्नरको कार्यालयका निर्देशक डा. डिल्लीराम पोखेल र 'BOK-KPP, 2024' परियोजनाका संयोजक प्राध्यापक कियोङ-हुन काङले समापन मन्तव्य राख्नुभएको थियो।

यस वर्षको कार्यक्रमअन्तर्गत तीन वटै निकायका संयुक्त अनुसन्धान टोलीले 'Regulatory and Oversight Framework of Payment System' विषयमा अध्ययन/अनुसन्धान गर्नेगरी २०८१ भदौ ११ गते सोसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको थियो। बैंक अफ कोरियाको तर्फबाट BOK-KPP कार्यक्रम कार्यान्वयनमा ल्याइएको यो आठौं पटक हो। सन् २०१७ बाट उक्त कार्यक्रम सुरु भएको थियो। ■

# अन्तरदेशीय विद्युतीय भुक्तानी व्यवस्थासम्बन्धी गोष्ठी



भुक्तानी प्रणाली विभागले पुस ७ गते काठमाडौंमा 'अन्तरदेशीय विद्युतीय भुक्तानीसम्बन्धी व्यवस्था' विषयक गोष्ठी सम्पन्न गरेको छ।

अन्तरदेशीय विद्युतीय भुक्तानीमा रहेका व्यवस्थाबारे जानकारी गराउने र थप विद्यमान अन्तरदेशीय विद्युतीय भुक्तानीसम्बन्धी व्यवस्थालाई सरल, सहज र परिष्कृत गर्नका लागि आवश्यक सुझाव लिने उद्देश्यका साथ विभागले उक्त कार्यक्रम आयोजना गरेको हो। गोष्ठीमा भक्तानी प्रणाली सञ्चालक, भुक्तानी सेवा प्रदायक संस्थाका प्रतिनिधि र बैंक तथा वित्तीय संस्थाका डिजिटल बैंकिङ प्रमुखहरूको सहभागिता थियो।

कार्यक्रममा आयोजक भुक्तानी प्रणाली विभागका का.मु कार्यकारी निर्देशक किरण पण्डितले सहभागीबाट उठेका जिज्ञासाको सम्बोधन गर्दै अन्तरदेशीय विद्युतीय भुक्तानी कारोबारमा अन्तर्निहित जोखिम र कारोबारको क्रममा उत्पन्न हुनसक्ने विवाद र त्यसको समाधानका सम्बन्धमा जानकार भई कारोबारलाई थप सुरक्षित बनाउनुपर्ने आवश्यकता औँल्याउनुभयो। निर्देशक सुभाषचन्द्र घिमिरेले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने उप-निर्देशक पुष्करराज भट्टराईले अन्तरदेशीय विद्युतीय भुक्तानीसम्बन्धमा भए/रहेका विभिन्न नीति, निर्देशन र प्रक्रियागत व्यवस्थाबारे कार्यपत्र प्रस्तुत गर्नुभयो। उप-निर्देशक पदमराज जोशीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

# आरटीजीएस प्रणाली सञ्चालनसम्बन्धी अन्तरविभागीय अनुशिक्षण



भुक्तानी प्रणाली विभागले पुस ११ गते काठमाडौंमा 'आरटीजीएस प्रणाली सञ्चालनसम्बन्धी अन्तरविभागीय अनुशिक्षण' कार्यक्रम आयोजना गऱ्यो ।

नेपाल राष्ट्र बैंकमा आरटीजीएस प्रणाली सञ्चालनमा आबद्ध विभाग/कार्यालयका कर्मचारीहरूको सहभागितामा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । सो अवसरमा वित्त व्यवस्थापन विभाग, वित्तीय जानकारी इकाइ, मौद्रिक व्यवस्थापन विभाग, सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग, सूचना प्रविधि विभाग, बैंकिङ विभाग, मुद्रा व्यवस्थापन विभाग, भुक्तानी प्रणाली विभाग र टक्सार महाशाखाबाट आरटीजीएस प्रणालीको सञ्चालन र व्यवस्थापनमा संलग्न कर्मचारीको सहभागिता थियो । कार्यक्रममा विभागका सहायक निर्देशक सुमिहाङ राईले आरटीजीएस प्रणालीको सञ्चालन र व्यवस्थापनसम्बन्धी नीतिगत व्यवस्था, समस्या र चुनौतीका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा विभागका का.मु. कार्यकारी निर्देशक किरण पण्डितले समापन मन्तव्य राख्दै आरटीजीएस प्रणालीसँग सरोकार राख्ने राष्ट्र बैंकका सम्बन्धित विभागहरूबीच प्रभावकारी समन्वय हुनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रममा विभागका निर्देशक लक्ष्मीप्रसाद प्रसाईले स्वागत मन्तव्य राख्दै कार्यक्रमको औचित्यमाथि प्रकाश पार्नुभयो भने उप-निर्देशक पदमराज जोशीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# विदेशी मुद्राको कारोबारसम्बन्धी अन्तरक्रिया



गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागले पुस २८ गते बुटवलमा विदेशी विनिमय कारोबार गर्न इजाजतपत्रप्राप्त संस्थाका सञ्चालक तथा कर्मचारीहरूसँग अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो । विदेशी विनिमय कारोबारका सम्बन्धमा नेपाल राष्ट्र बैंकमा गर्नुपर्ने रिपोर्टिङलगायत अन्य समसामयिक विषयमा केन्द्रित रहेर विभागले उक्त कार्यक्रम आयोजना गरेको हो ।

विभागका कार्यकारी निर्देशक रामबहादुर मानन्धरको अध्यक्षतामा आयोजित कार्यक्रममा विभागका उप-निर्देशकद्वय कमलप्रकाश कालाथोकी र सचिनराज पियाले क्रमशः 'स्थलगत निरीक्षणको क्रममा देखिएका कैफियत' र 'इजाजतपत्रप्राप्त संस्थाले विदेशी विनिमय कारोबार गर्दा पालना गर्नुपर्ने सैद्धान्तिक एवम् व्यावहारिक पक्षसहित बैंकलाई गर्नुपर्ने रिपोर्टिङ'का सन्दर्भमा वार्ता प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा सहभागीका तर्फबाट विदेशी मुद्रा कारोबारमा देखिएका व्यावहारिक समस्या, स्थलगत र गैर-स्थलगत निरीक्षणका क्रममा दिइएका निर्देशन कार्यान्वयनलगायतका विषयमा सुझाव तथा जिज्ञासा राखिएको थियो । सो अवसरमा सिद्धार्थनगर कार्यालयका निर्देशक विज्ञानराज सुवेदीले विदेशी विनिमय कारोबारका विषयमा समन्वय गर्न सहभागीहरूलाई आग्रह गर्नुभयो ।

कार्यक्रममा कार्यकारी निर्देशक रामबहादुर मानन्धरले समापन मन्तव्य राख्दै विदेशी विनिमय कारोबार गर्ने संस्थाहरूलाई बैंकबाट समयसमयमा जारी गरिने नियमन, निर्देशन र परिपत्रको सीमाभित्र रहेर कारोबार गर्न सुझाव दिनुभयो । सो अवसरमा सिद्धार्थनगर कार्यालयका उप-निर्देशक जीवनप्रकाश पाण्डेले स्वागत मन्तव्य राख्नुभयो भने विभागका प्रधान सहायक टीकाराम ढकालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# सुर्खेतमा स्थानीय तहको सरकारी कारोबारसम्बन्धी गोष्ठी

बैंकिङ विभागले पुस १२ गते सुर्खेतमा 'स्थानीय तहको सरकारी कारोबारमा देखिएका समस्या तथा समाधानका उपाय' विषयक गोष्ठी आयोजना गऱ्यो ।

गोष्ठीमा बैंकिङ विभाग, सुर्खेत कार्यालय, महालेखा नियन्त्रक कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय सुर्खेत, प्रदेश लेखा नियन्त्रक कार्यालय कर्णाली प्रदेश, सुर्खेतस्थित स्थानीय तहको सरकारी कारोबारमा संलग्न वाणिज्य बैंक र सुर्खेत, रुकुम-पश्चिम, सल्यान, दैलेख, कालिकोट र जाजरकोट जिल्लास्थित स्थानीय तहका प्रतिनिधिसहित ४२ जनाको सहभागिता थियो ।



कार्यक्रममा उप-निर्देशक जनकराज सापकोटाले 'स्थानीय तहको सरकारी कारोबार: समस्या र समाधान' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । यसै गरी, महालेखा नियन्त्रक कार्यालयका उप-महालेखा नियन्त्रक रामचन्द्र शर्माले 'स्थानीय तहको सरकारी कारोबार, सञ्चालन तथा व्यवस्थापनमा महालेखा नियन्त्रक कार्यालय र वाणिज्य बैंकहरूबीचको अन्तरसम्बन्ध, समस्या तथा चुनौतीहरू' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । तत्पश्चात् सहभागीहरूबीच कार्यपत्रउपर छलफल भएको थियो ।

कार्यक्रममा निर्देशक गोविन्दप्रसाद नागिलाले सरकारी कारोबार निर्देशिकामा भएका व्यवस्था कार्यान्वयनमा देखिएका समस्याको निराकरण र समयसापेक्ष परिमार्जन गर्ने सन्दर्भमा यस्ता कार्यक्रम परिणाममुखी हुने धारणा राख्नुभयो । सुर्खेत कार्यालयका उप-निर्देशक बाबुराम कोइरालाले धन्यवादसहित समापन मन्तव्य राख्नुभएको थियो ।

सो कार्यक्रममा विभागका उप-निर्देशक राजेशप्रसाद शर्माले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने सहायक निर्देशक दीपेश श्रेष्ठले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# सरकारी कारोबार निर्देशिकासम्बन्धी गोष्ठी




बैंकिङ विभागले माघ २४ गते काठमाडौंमा 'सरकारी कारोबार निर्देशिका, २०७६ (दोस्रो संशोधन, २०८१) सम्बन्धी गोष्ठी' आयोजना गऱ्यो ।

बैंकिङ विभागका कार्यकारी निर्देशक विश्रुत थापाको उपस्थितिमा आयोजित गोष्ठीमा आयोजक विभागसँगै महालेखा नियन्त्रक कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय, प्रदेश लेखा नियन्त्रक कार्यालय, सरकारी कारोबार गरिरहेका वाणिज्य बैंकहरू गरी कुल ५५ जनाको सहभागिता थियो । कार्यक्रममा विभागका उप-निर्देशक जनकराज सापकोटा र उप-महालेखा नियन्त्रक रामचन्द्र शर्माले 'सरकारी कारोबार निर्देशिका, २०७६ (दोस्रो संशोधन, २०८१)' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । तत्पश्चात् सहभागीहरूबीच कार्यपत्रमाथि छलफल भएको थियो ।

सो अवसरमा कार्यकारी निर्देशक विश्रुत थापाले सरकारी कारोबारलाई सहज ढङ्गले सम्पादन गर्न, नियमित रिपोर्टिङ गर्न र हिसाबमिलान अद्यावधिक गर्ने सन्दर्भमा सम्बद्ध निकायहरूबीच प्रभावकारी समन्वय हुनुपर्ने आवश्यकता औंल्याउनुभयो । विभागका निर्देशक गोविन्दप्रसाद नागिलाले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो भने निर्देशक विनोदराज लेखकले धन्यवाद ज्ञापन गर्नुभयो । विभागका सहायक निर्देशक इच्छा चौहानले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# शङ्कास्पद विदेशी मुद्राको पहिचान र परीक्षणसम्बन्धी अन्तरक्रिया




बैंकिङ विभागले पुस २४ गते काठमाडौंमा 'शङ्कास्पद विदेशी मुद्राको पहिचान तथा परीक्षण र शङ्कास्पद विदेशी मुद्राबाट हुनसक्ने कारोबार रोकथाम' विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

बैंकिङ विभागका कार्यकारी निर्देशक विश्रुत थापाको उपस्थितिमा आयोजित कार्यक्रममा उक्त विभागसँगै विदेशी विनिमय कारोबार गर्न इजाजतपत्रप्राप्त वाणिज्य बैंक, विकास बैंक, मनिचेञ्जर, होटेल, ट्राभल एण्ड टुर्स र राष्ट्र बैंकको प्रदेशस्थित कार्यालयका प्रतिनिधिसहित ६७ जनाको सहभागिता थियो ।

कार्यक्रममा विभागका उप-निर्देशक माधवप्रसाद पोखेलले 'नगद विदेशी मुद्राको कारोबारसम्बन्धी नियम र यसमा रहने जोखिम' र उप-निर्देशक गेदा पंगेनीले 'शङ्कास्पद विदेशी मुद्राको पहिचान तथा परीक्षण' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यपत्र प्रस्तुतिपश्चात् सहभागीहरूबीच छलफल भएको थियो ।

कार्यक्रममा समापन मन्तव्य राख्दै कार्यकारी निर्देशक विश्रुत थापाले कार्यक्रममा प्रस्तुत विषयगत छलफलबाट आगामी दिनमा शङ्कास्पद विदेशी मुद्राको कारोबार र जोखिम न्यूनीकरणमा टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो । सो अवसरमा विभागका निर्देशक आर्या जोशीले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो भने निर्देशक गोविन्दप्रसाद नागिलाले धन्यवाद ज्ञापन गर्नुभयो । विभागका उप-निर्देशक राजेशप्रसाद शर्माले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# गैर-बैंकिङ वित्तीय संस्थाको सुपरिवेक्षणसम्बन्धी अनुशिक्षण



गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागले माघ २४ गते काठमाडौंमा गैर-बैंकिङ वित्तीय संस्थाको निरीक्षण र सुपरिवेक्षण सम्बन्धमा अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

विदेशी विनिमय कारोबारसम्बन्धी एकीकृत परिपत्र, निर्देशन, प्रचलित ऐन, नियम र सुपरिवेक्षकीय विषयमा केन्द्रित रहेर विभाग र प्रदेशस्थित कार्यालयका कर्मचारीको सहभागितामा उक्त कार्यक्रम आयोजना गरिएको हो । विभागका कार्यकारी निर्देशक रामबहादुर मानन्धरको अध्यक्षतामा आयोजित कार्यक्रममा विभागका उप-निर्देशकहरू मनोज पोखरेल, इमबहादुर क्षेत्री र सचिनराज पियाले निरीक्षण र सुपरिवेक्षणका सम्बन्धमा वार्ता प्रस्तुत गर्नुभयो भने उप-निर्देशक कमलप्रकाश कालाथोकीले विभागका कामकारबाहीबारे प्रकाश पार्नुभएको थियो ।

सो अवसरमा सहभागीका तर्फबाट विदेशी विनिमयको कारोबार गर्ने संस्थाको स्थलगत निरीक्षणका क्रममा देखिएका व्यावहारिक समस्या, कैफियत र आपसी समन्वयका सम्बन्धमा सुझाव र जिज्ञासा राखिएको थियो । कार्यक्रममा कार्यकारी निर्देशक मानन्धरले प्रदेशस्थित कार्यालय र विभागबीच समन्वय कायम गरी निरीक्षण तथा सुपरिवेक्षण कार्यलाई थप प्रभावकारी बनाउनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रममा विभागका निर्देशक शरणकुमार अधिकारीले स्वागत मन्तव्य राख्नुभयो भने सहायक निर्देशक सुप्रिमा पौडेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# बजार आचरणसम्बन्धी अनुशिक्षण सम्पन्न



वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखाले पुस २४ गते काठमाडौंमा इजाजतपत्र तथा अनुमतिपत्रप्राप्त संस्थामा बजार आचरणसम्बन्धी विद्यमान व्यवस्थाका सम्बन्धमा अनुशिक्षण कार्यक्रम आयोजना गर्‍यो ।

बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेलको उपस्थितिमा आयोजित कार्यक्रममा नियमन विभागसँगै बैंक सुपरिवेक्षण विभाग, वित्तीय संस्था सुपरिवेक्षण विभाग, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग, लघुवित्त वित्तीय संस्था सुपरिवेक्षण विभाग, भुक्तानी प्रणाली विभाग र महाशाखाका निर्देशक तथा अन्य कर्मचारीको सहभागिता थियो ।

कार्यक्रममा महाशाखाका निर्देशक हिमप्रसाद न्यौपानेले वित्तीय ग्राहक संरक्षणको लागि नेपाल राष्ट्र बैंकले गरेका प्रयाससँगै बजार आचरण सुपरिवेक्षणको आवश्यकता र प्रुडेन्सियल सुपरिवेक्षणसँग यसको सम्बन्ध र भिन्नताबारे प्रकाश पार्दै कार्यपत्र प्रस्तुत गर्नुभयो भने उप-निर्देशक इन्द्रत्रिविक्रम पहारीले बजार आचरण सुपरिवेक्षणका सम्बन्धमा प्रचलित नियामकीय संरचना, बजार आचरण सुपरिवेक्षणको प्रक्रिया, किसिम र अन्तर्राष्ट्रिय अभ्यासबारे कार्यपत्र प्रस्तुत गर्नुभयो ।

सो अवसरमा कार्यकारी निर्देशक पौडेलले बजार आचरणसम्बन्धी निर्देशनको आवश्यकताबारे चर्चा गर्दै यसको निम्ति समन्वय र सहकार्य गर्न नियमन विभाग तत्पर रहेको धारणा राख्नुभयो । यसै गरी, गभर्नरको कार्यालयका का.मु. कार्यकारी निर्देशक डा. डिल्लीराम पोखेलले बजार आचरण सुपरिवेक्षण र प्रुडेन्सियल सुपरिवेक्षणबिच समन्वय हुनुपर्ने आवश्यकतामा जोड दिनुभयो

कार्यक्रममा वित्तीय संस्था सुपरिवेक्षण विभागका निर्देशक अनुज दाहाल, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागका निर्देशक गिरिजाप्रसाद कोइराला र भुक्तानी प्रणाली विभागका निर्देशक लक्ष्मीप्रसाद प्रसाईले बजार आचरण सुपरिवेक्षणको आवश्यकताबारे आ-आफ्नो धारणा राख्नुभएको थियो । सो अवसरमा वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखाका उप-निर्देशक नवीना ढकालले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो । ■

# वीरगञ्जमा कर्जा प्रवाह र असुलीसम्बन्धी अन्तरक्रिया



वीरगञ्ज कार्यालयले माघ ३० गते 'कर्जा प्रवाहदेखि कर्जा असुलीसम्म' विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

पर्सा जिल्लाका प्रमुख जिल्ला अधिकारी गणेश आर्यालको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा बारा, पर्सा र रौतहटस्थित बैंक तथा वित्तीय संस्थाका प्रदेश प्रमुख, सुरक्षा निकायका प्रमुख, मालपोत कार्यालयका प्रतिनिधि र सञ्चारकर्मीहरूको उपस्थिति थियो । यस्तै, बैंक तथा वित्तीय संस्थाका अन्य प्रतिनिधिलाई भर्चुअल माध्यमबाट सहभागिता गराइएको थियो ।

सो अवसरमा वीरगञ्ज कार्यालयका सहायक निर्देशकद्वय विनय केशरी र नरेशकुमार सर्राफले समसामयिक बैंकिङ सेवाको विषयमा प्रस्तुति दिनुभयो । सोपश्चात् सहभागीहरूबीच छलफल भएको थियो । कार्यक्रम कार्यालयका निर्देशक सुशील पौडेलको अध्यक्षतामा सम्पन्न भएको थियो । ■

## Major Financial Indicators

as on Pus End, 2081 (Mid-Jan, 2025)

| | | Class "A" | Class "B" | Class "C" | Overall |
|---|---|---|---|---|---|
| **A. Credit, Deposit Ratios (%)** | | | | | |
| 1 | Total Deposit/GDP | 105.02 | 10.76 | 2.33 | 118.10 |
| 2 | Total Credit/GDP | 84.43 | 9.08 | 1.81 | 95.31 |
| 3 | Total Credit/ Total Deposit** | 80.39 | 84.37 | 77.67 | 80.70 |
| 4 | CD Ratio* | 79.02 | 84.05 | 76.86 | 79.43 |
| 5 | Fixed Deposit/Total Deposit | 51.53 | 55.47 | 66.79 | 52.19 |
| 6 | Saving Deposit/Total Deposit | 34.05 | 34.43 | 23.25 | 33.87 |
| 7 | Current Deposit/Total Deposit | 6.15 | 2.22 | 1.29 | 5.69 |
| 8 | Call Deposit/Total Deposit | 7.52 | 7.84 | 7.92 | 7.56 |
| 9 | NPL/ Total Loan^ | 4.73 | 5.11 | 12.85 | 4.92 |
| 10 | Total LLP /Total Loan | 5.05 | 4.93 | 10.87 | 5.15 |
| 11 | Deprived Sector Loan/Total Loan $^ | 5.74 | 7.47 | 7.05 | 5.93 |
| **B. Liquidity Ratios (%)** | | | | | |
| 1 | Cash & Bank Balance/Total Deposit | 7.95 | 6.73 | 7.56 | 7.83 |
| 2 | Investment in Gov. Securities/Total Deposit | 17.11 | 14.41 | 13.30 | 16.79 |
| 3 | Total Liquid Assets/Total Deposit | 25.99 | 23.56 | 27.61 | 25.80 |
| **C. Capital Adequacy Ratios (%)** | | | | | |
| 1 | Core Capital/RWA | 9.53 | 9.90 | 10.80 | 9.58 |
| 2 | Total Capital/RWA | 12.34 | 12.55 | 13.09 | 12.37 |
| **D. Financial Access** | | | | | |
| 1 | No. of institutions | 20 | 17 | 17 | 54 |
| 2 | No. of Branches | 5,078 | 1,132 | 291 | 6,501 |
| 3 | No. of Deposit Accounts | 49,651,137 | 7,339,256 | 935,402 | 57,925,795 |
| 4 | No.of Loan Accounts | 1,605,815 | 275,950 | 43,959 | 1,925,724 |
| 5 | No. of Branchless Banking Centers | 1,048 | 17 | - | 1,065 |
| 6 | No. of Branchless Banking Customers | 298,473 | 1,374 | - | 299,847 |
| 7 | No. of Mobile Banking Customers | 22,535,858 | 3,526,503 | 273,756 | 26,336,117 |
| 8 | No. of Internet Banking Customers | 1,487,355 | 613,888 | 17,141 | 2,118,384 |
| 9 | No. of ATMs | 4,845 | 344 | 40 | 5,229 |
| 10 | No. of Debit Cards | 12,117,170 | 1,172,122 | 73,882 | 13,363,174 |
| 11 | No. of Credit Cards | 304,588 | 2,017 | - | 306,605 |
| 12 | No. of Prepaid Cards | 216,309 | 2,855 | - | 219,164 |
| **E. Interest Rate(%)** | | | | | |
| 1 | **Wt. Avg Interest Rate on Deposit** | **4.75** | | | |
| | (a) Saving | 3.34 | | | |
| | (b) Fixed | 6.51 | | | |
| | (c) Call | 1.21 | | | |
| 2 | **Wt. Avg Interest Rate on Credit** | **8.69** | | | |

**Note:**

Bank balance includes money at call

Nominal GDP for 2023/24(P) stands at Rs. 5,704,844 million (Source:https://nsonepal.gov.np/detail/post/11023)

Negative core capital has been excluded in calculation of Capital Adequacy Ratios

Number of branches include head office, banking branches and extention counters

$ 6 months prior Total Loan has been used to calculate Deprived Sector Lending Ratio

^Data as on Poush end of FY2081/82 (2024/25)

*CD Ratio =

$$\frac{Total\ Credit}{Total\ Deposit + Debentures\ not\ designated\ for\ capital\ fund + NRB\ Refiance\ loan + FCY\ loan\ more\ than\ or\ equal\ to\ 1\ year - Interbank\ Deposit}$$

**Total Credit / Total Deposit = $\frac{Total\ Credit}{Total\ Deposit}$ (As per balance sheet)

# ज्ञान आदानप्रदान कार्यक्रम आयोजना


वित्तीय जानकारी इकाइ

विभिन्न विभाग/कार्यालयले पुस र माघ महिनामा विविध विषयमा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न गरेका छन्। यसै क्रममा वित्तीय जानकारी इकाइले पुस २४ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो। सो अवसरमा इकाइका सहायक निर्देशक समीरकुमार सिंहले नेपाल र भारतको पारस्परिक मूल्याङ्कन प्रतिवेदनबारे प्रस्तुति दिँदै नेपालले सुधार गर्नुपर्ने पक्षबारे जानकारी दिनुभयो। कार्यक्रममा इकाइका उप-निर्देशक विष्णुप्रसाद गुरागाईं, सहायक निर्देशकहरू अमिष शर्मा र अर्चना धिताल आचार्यले विभिन्न समयमा लिनुभएका वैदेशिक तालिमबाट प्राप्त अनुभव प्रस्तुत गर्नुभएको थियो।


बैंकिङ विभाग

वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखाले पुस २८ गते 'Open Banking and Open Finance' ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो। कार्यक्रममा उप-निर्देशक इन्द्रविक्रम पहारीले Open Banking and Open Finance को अवधारणा, उद्देश्य, आधारभूत पक्ष र संरचनालाई समेटेर कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

यसै गरी, वित्तीय संस्था सुपरिवेक्षण विभागद्वारा पुस २८ गते 'समस्याग्रस्त वित्तीय संस्थाको नियमन, सुपरिवेक्षण तथा व्यवस्थापन' विषयमा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न भयो। सो अवसरमा विभागका उप-निर्देशक सुन्दर खड्काले समस्याग्रस्त वित्तीय संस्थाको नियमन, सुपरिवेक्षण तथा व्यवस्थापनका सम्बन्धमा प्रस्तुति दिनुभयो। त्यस क्रममा उहाँले समस्याग्रस्त घोषणासँग सम्बन्धित कानुनी र नीतिगत व्यवस्थाबारे प्रकाश पार्नुभयो। साथै, वित्तीय संस्थालाई समस्याग्रस्त घोषणा गर्नुपर्ने अवस्था, औचित्य, समस्याग्रस्त घोषणा गरेपश्चात् गरिने कारबाही र सुधारात्मक उपायका बारेमा समेत उहाँले चर्चा गर्नुभएको थियो।

बैंकिङ विभागले माघ १२ गते 'खाता व्यवस्थापन र ट्रान्सफर' विषयक विभागीय ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो। सो अवसरमा सहायक निर्देशक अनुकुमारी शाहले 'खाता व्यवस्थापन तथा ट्रान्सफर' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो। त्यस क्रममा उहाँले बैंकिङ विभागअन्तर्गत रहेका खाताको व्यवस्थापन तथा रकमान्तर फाँटमा नियमित रूपमा हुने कार्यसम्पादनका प्रक्रिया र चुनौतीबारे जानकारी दिनुभयो।

यसै गरी, वित्त व्यवस्थापन विभागले माघ १५ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो। सो अवसरमा विभागका उप-निर्देशक यामलाल सुवेदी र सहायक निर्देशक सुरक्षा सुवेदीले 'Risk Register and Incident Reporting' विषयमा वार्ता प्रस्तुत गर्नुभयो। सो अवसरमा उहाँहरूले संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागले औँल्याएका बैंकका १५३ वटा सूचीकृत जोखिम क्षेत्रमध्ये वित्त व्यवस्थापन विभागसँग सम्बन्धित २६ वटा जोखिम क्षेत्र र पाँच वटा अन्य जोखिम क्षेत्रलाई समावेश गरी तयार गरिएको जोखिम पुस्तिकाबारे जानकारी दिनुभयो। ■


वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखा


वित्त व्यवस्थापन विभाग

# केन्द्रद्वारा विभिन्न तालिम/कार्यशाला सम्पन्न





बैंकर्स प्रशिक्षण केन्द्रले २०८१ माघ महिनामा विभिन्न पाँच वटा तालिम तथा कार्यशाला सम्पन्न गरेको छ । यसै क्रममा केन्द्रले माघ ६ देखि ११ सम्म विराटनगरमा 'Central Banking Training' विषयक सहायकस्तरीय तालिम कार्यक्रम सञ्चालन गर्‍यो । १७ वटा सेसनमा सञ्चालित उक्त तालिममा समष्टिगत आर्थिक स्थायित्व, मौद्रिक नीति, नेपालमा केन्द्रीय बैंकिङ र राष्ट्र बैंकको बैंकिङ प्रणाली, विदेशी विनिमय व्यवस्थापन, भुक्तानी प्रणाली, वित्तीय क्षेत्र स्थायित्व, वित्तीय समावेशीकरण, बैंकिङ अपरेसन, मुद्रा व्यवस्थापन, सरकारी कारोबार, मानव संसाधन व्यवस्थापनलगायतका विषयमा सहभागीलाई प्रशिक्षण दिइएको थियो । सो अवसरमा विभिन्न विभाग/कार्यालयका ३१ जना कर्मचारीको सहभागिता थियो ।

केन्द्रले माघ ६ देखि ११ सम्म भक्तपुरको बोडेमा वित्तीय साक्षरतासम्बन्धी प्रशिक्षकहरूका निम्ति 'ToT for Financial Literacy Training' विषयक तालिम कार्यक्रम सञ्चालन गर्‍यो । सो अवसरमा नेपाल राष्ट्र बैंकले वित्तीय साक्षरता प्रशिक्षकको निम्ति सूचीकृत गरेका ३० जनाको सहभागिता थियो । १७ वटा सेसनमा सञ्चालित उक्त तालिममा प्रशिक्षणका विधिका बारेमा सहभागीलाई जानकारी दिइएको थियो ।

यसै गरी, केन्द्रले माघ १३ र १४ गते भक्तपुरको बोडेमा 'Training on Core Banking Software of BFIs' विषयक अधिकृतस्तरीय तालिम सञ्चालन गर्‍यो । विभिन्न विभागका ३१ जना कर्मचारीको सहभागिता रहेको उक्त तालिममा बैंक तथा वित्तीय संस्थामा प्रयोग हुने बैंकिङ सफ्टवेयर र तिनको सञ्चालन प्रक्रियाबारे प्रशिक्षण दिइएको थियो ।

केन्द्रले माघ २० देखि २५ सम्म भक्तपुरको बोडेमा 'Macroeconomic Management in Nepal' अधिकृतस्तरीय तालिम सञ्चालन गर्‍यो । १६ वटा सेसनमा सञ्चालित तालिममा विभिन्न विभाग/कार्यालयमा कार्यरत अधिकृतस्तरका ३५ जना कर्मचारीको सहभागिता थियो । सो अवसरमा समष्टिगत आर्थिक व्यवस्थापन, आर्थिक सूचकाङ्क र तथ्याङ्क विश्लेषण, आर्थिक वृद्धिको अवधारणा, मुद्रास्फीतिका बहुआयामिक पक्ष, मुद्राको माग र आपूर्ति, मौद्रिक नीति र यसको प्रसारण संयन्त्र, वित्तीय स्थायित्व र नियमन, वित्त र मौद्रिक नीतिबीचको समन्वय, सरकारी बजेट र वित्त व्यवस्थापन, वित्तीय संघीयता, अन्तर्राष्ट्रिय व्यापार, विनिमय दर, भुक्तानी सन्तुलन, पुँजी बजारलगायतका विषयमा सहभागीलाई प्रशिक्षण दिइएको थियो ।

यसै गरी, केन्द्रले माघ २७ देखि २८ सम्म थापाथलीमा 'GL Software' विषयक सहायकस्तरीय कार्यशाला सञ्चालन गर्‍यो । उक्त कार्यशालामा ओलम्पिक (जीएल) बैंकिङ सिस्टम, मौद्रिक व्यवस्थापन, मुद्रा व्यवस्थापन, बैंकिङ अपरेसनसम्बन्धी विभिन्न मोड्युललगायतका विषयमा सहभागीलाई जानकारी दिइएको थियो । कार्यशालामा विभिन्न विभाग कार्यालयका ३० जना कर्मचारीको सहभागिता थियो । ■

# कार्यकारी निर्देशक मास्केको अवकाश

गभर्नरको कार्यालयका कार्यकारी निर्देशक डा. नेफिल मातङ्गि मास्के २०८१ माघ २४ देखि बैंक सेवाबाट अवकाश पाउनुभएको छ ।

२०५७ असार २ गते बैंक सेवा प्रवेश गर्नुभएका मास्केले गभर्नरको कार्यालयसँगै भुक्तानी प्रणाली विभागको नेतृत्व सम्हाल्नुभएको थियो । उहाँले कार्यकारी निर्देशकको सातवर्षे अवधि पूरा गरी अवकाश पाउनुभएको हो ।

यसै गरी, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागका उप-निर्देशक सुरेन्द्र केसी पुस २१, लघुवित्त संस्था सुपरिवेक्षण विभागका उप-निर्देशक सुमनकुमार नेपाल माघ १५, वित्त व्यवस्थापन विभागका उप-निर्देशक शारदादेवी मिश्र माघ २३ र सम्पत्ति तथा सेवा व्यवस्थापन विभागका सहायक कुमार पण्डित माघ २८ देखि अवकाश हुनुभएको छ । उहाँहरूले ५८ वर्षे उमेरहदका आधारमा अवकाश पाउनुभएको जानकारी मानव संशाधन व्यवस्थापन विभागले दिएको छ ।

*नेपाल राष्ट्र बैंक समाचार* उहाँहरूको सुखद अवकाश जीवनको निम्ति हार्दिक शुभकामना व्यक्त गर्दछ । ■

*प्रकाशक*

**नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय**

**सूचना तथा सञ्चार महाशाखा**

बालुवाटार, काठमाडौं, फोन : ५७१९६४१/४२, Ext.: २१३९/२१४०

इमेल : samachar@nrb.org.np,

वेबसाइट : www.nrb.org.np

*सम्पादक*

**डा. भागवत आचार्य**

*सम्पादन सहयोगी*

सविन ओली

लालकुमार सुवेदी

नवीना ताम्राकार

*ले-आउट*

संजीव दाहाल